कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित र नेपाल सरकार, उद्योग विभागबाट ईजाजतपत्रप्राप्त

# रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड
# Reliance Spinning Mills Limited

रजिष्टर्ड कार्यालय (कर्पोरेट) : का.म.न.पा. वडा नं. २८, कमलादी, गणेशस्थान, काठमाण्डौं ।
फोन नं. : ०१-५३४१८५३, ०१-५३२६०८१
इमेल: info@reliancespinningnepal.com वेबसाइट: www.reliancespinningnepal.com
को

## बुक बिल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताको लागि बोलकबोल प्रस्ताव आह्वान सम्बन्धी सूचना

रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको जारी पूँजी रु.१,९०,००,००,०००।- (अक्षरेपी एक अर्ब नब्बे करोड मात्र) को १०.१४ प्रतिशतले हुन आउने रु.१९,२६,६०,०००।- (अक्षरेपी उन्नाइस करोड छब्बीस लाख साठी हजार मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको १९,२६,६०० कित्ता शेयर बुक बिल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागेको र सो मध्ये ४० प्रतिशत अर्थात ७,७०,६४० कित्ता शेयर बिक्री मूल्य सीमा रु.६०८।०० देखि रु.९१२।०० सम्म रही नेपाल स्टक एक्सचेन्ज लि.ले सञ्चालन गर्ने बोलकबोल प्रक्रियामा योग्य संस्थागत लगानीकर्ताहरुलाई सहभागी गराई बिक्री मूल्यको सीमा भित्र रहि बोलकबोल मार्फत मिति २०८०/१०/१० गतेदेखि योग्य संस्थागत लगानीकताहरुमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा बुक बिल्डिङ्ग निर्देशिका २०७७ को दफा ११(३) मा भएको व्यवस्था अनुसार **"बोलकबोल सुरु भएको ४ (चार) कार्य दिनसम्म खुल्ला राख्नु पर्ने भन्ने व्यवस्था रहेकोले" आज मिति २०८० माघ १४ गते कार्यालय समयसम्म नेपाल स्टक एक्सचेञ्ज लि.ले** गोप्य शिलबन्दी बोलपत्र बुझिलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

**बिक्री मूल्य सीमा रु.६०८।०० देखि रु.९१२।०० सम्म ।**

**कम्पनीको प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र प्राप्त गर्ने वा हेर्न सकिने स्थानहरु :**

| क्र.सं. | कम्पनीको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १. | **निष्काशनकर्ता कम्पनी :** श्री रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, कमलादी गणेशस्थान, काठमाण्डौं | कार्यालय समयभित्र सम्पर्क राखि विवरणपत्र प्राप्त गर्न वा हेर्न सकिनेछ |
| २. | **निष्काशन तथा बिक्री प्रबन्धक :** श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं । | |
| ३. | **नेपाल धितोपत्र बोर्डको वेबसाइट :** www.sebon.gov.np | |

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण:**

| विवरण | वास्तविक | | | आ.व.०८०/८१ | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७७/७८ | आ.व.०७८/७९ | आ.व.०७९/८० | आश्विन मसान्तसम्मको अपरिष्कृत* | आ.व.०८०/८१ | आ.व.०८१/८२ | आ.व.०८२/८३ |
| प्रति शेयर नेटवर्थ (सम्पत्तिमा पुर्नमूल्यांकन जगेडा र शेयर प्रिमियम बाहेक) (रु.) | १६९।०४ | १९२।१२ | २४८।६७ | २४९।४८ | २५०।५१ | २६५।३८ | ३०१।२९ |
| प्रति शेयर आम्दानी (रु.) | ५३।९१ | ६१।१२ | ५४।३४ | ०।९६ | ३२।९० | ३२।८९ | ५३।९३ |
| सञ्चित नाफा/(नोक्सान) (रु. हजारमा) | ४३,५२,६३१# | ४७,०८,९५५# | ५६,३६,७८०# | ५६,४०,९४७# | ७१,७२,७२५@ | ७४,१७,५७५@ | ८०,६२,१५३@ |

*नोट:* आ.व. २०७७/०७८ देखि कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय प्रतिवेदन प्रस्तुत गरेको हुँदा आम्दानी, लागत खर्च, ह्रासकट्टी तथा प्रशासनिक खर्चहरु NFRS को मापदण्ड अनुसार लेखाङ्कन गरिएको छ ।

*आ.व. २०८०/०८१ आश्विन मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण व्यवस्थापनबाट प्रमाणित भएको छ ।

# आर्थिक वर्षहरु क्रमशः ०७७/७८, ०७८/७९, ०७९/८० को वास्तविक तथा आ.व. ०८०/८१ को आश्विन मसान्तसम्मको अपरिष्कृत विवरणमा पुर्नमूल्याङ्कन जगेडा समावेश गरिएको ।

@आर्थिक वर्षहरु क्रमशः ०८०/८१, ०८१/८२ र ०८२/८३ को प्रक्षेपित विवरणमा पुर्नमूल्याङ्कन जगेडा र शेयर प्रिमियम सहितको विवरण समावेश गरिएको ।

**बोलपत्र प्रस्ताव वितरण तथा बुझिलिने स्थान :**

**नेपाल स्टक एक्सचेञ्ज लि., यूएनआई शान्तिमार्ग, भद्रकालि, काठमाण्डौं ।**

साधारण लगानी फिर्ता हुने अवधि (वर्ष) : ६.८८

डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (वर्ष) : १०.७४

**शर्तहरुः**

१. योग्य संस्थागत लगानीकर्ताले बोलकबोल खुल्ला भएको मिति २०८०/१०/१० गतेदेखि बोलकबोल बन्द हुने मिति २०८०/१०/१४ गतेसम्म जम्मा चार (४) कार्यदिन (कार्यलय समय) भित्र बोलकबोलको दरखास्त फारम पेश गर्न सकिनेछ ।
२. योग्य संस्थागत लगानीकर्ताले बोलकबोलका लागि आवेदन गर्दा बिक्री मूल्य सीमाभित्र रही आफूले लिन चाहेको धितोपत्रको लागि आवेदन पेश गर्नुपर्नेछ ।
३. कुनै एक योग्य संस्थागत लगानीकर्ताले निष्काशित धितोपत्रको २० प्रतिशतभन्दा बढी धितोपत्रको लागि बोलकबोल प्रस्ताव पेश गर्न पाइने छैन ।
४. निष्काशन कम्पनीसँग कुनै स्वार्थ बाझिने भएमा त्यस्तो योग्य संस्थागत लगानीकर्ताले बोलकबोल प्रक्रियामा सहभागी हुन पाउने छैन ।
५. योग्य संस्थागत लगानीकर्ताले कबोल गरेको शतप्रतिशत रकम ग्लोबल आइएमई क्यापिटल लि. (Global IME Capital Ltd.) को नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) वा IPS/RTGS मार्फत देहायको बैंक खातामा रकम जम्मा गरेको निस्सा निवेदनसाथ संलग्न गरेको हुनुपर्नेछ ।

| क्र.सं. | बैंकको नाम र शाखा | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लि, कान्तिपथ, काठमाडौं | GICL-BTI Reliance Spinning Mills IPO | ००१०१०१००७५९१०७ |

६. बोलकबोल प्रक्रिया नियामक निकायले तोकेको अवस्थामा सोही बमोजिम हुनेछ ।

**यस अघि आशय मूल्य पेश गरी रु.६०८।- वा सो भन्दा बढी मूल्यमा आशयपत्र पेश गरेका योग्य संस्थागत लगानीकर्ताले बोलकबोलको लागि दरखास्त फारम पेश गर्दा आशयपत्रमा उल्लेखित धितोपत्र संख्या र आशय मूल्य भन्दा कम नहुने गरी अनिवार्य रुपमा बोलकबोल प्रस्ताव पेश गर्नुपर्ने छ ।**

**क्रेडिट रेटिङ्ग सम्बन्धमा**

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको Issuer Rating गर्नु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट Issuer Rating गराईएको र कम्पनीले "[CARE-NP A - (Is)" [Single A Minus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । "[CARE-NP A - (Is)" [Single A Minus (Issuer)]" ले Adequate Degree of Safety Regarding Timely Serving of Financial Obligations भन्ने बुझिन्छ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा "CARE-NP AAA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरु जनाउँछ ।

इस्युअर रेटिङ्ग प्रदान गरेको मिति : २०७९/०८/२२ (तदनुसार डिसेम्बर ०८, २०२२),

बहाल रहने अवधि: २०८१/०६/१८ (तदनुसार अक्टुबर ०४, २०२४)

यस निष्काशन सम्वन्धी विस्तृत जानकारीको लागि **मिति २०८० माघ २ गतेको "नयाँपत्रिका"** दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेभसाईट www.reliancespinningnepal.com अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.globalimecapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US
ग्लोबल आइएमई क्यापिटल लि.
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फयाक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com